फोन नं. : ४२६२३२६, ४२६२४१६, ४२६२५१८, ४२६२९२३, ४१११११९
फ्याक्स : ९७७-१-४२६२५१६
इमेल : cnsatm@mos.com.np
केवल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

पत्र संख्याः-

मितिः- २०७४।०६।०९

**बिषय: बडा दशै, तिहार तथा छठ पर्वमा हवाई सेवा सुचारु संचाल तथा व्यवस्थित बनाउने सम्बन्धमा सुचना ।**

उपरोक्त सम्बन्धमा, आउँदो वडा दशै, तिहार तथा छठ पर्वको समयमा यात्रुहरुको सुबिधालाई दृष्टिगत गरी दुर्गम क्षेत्रका विमानस्थलहरुमा हवाई सेवा लाई थप व्यवस्थित र सुचारु रुपमा संचालन गर्ने सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुसेवा संचालक संघ नेपाल र वायुसेवा कम्पनीका पदाधिकारीहरु बीच मिति २०७४।०५।२३ मा बसेको बैठकमा देहाय बमोजिमको सहमति भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**देहाय**

१. दुर्गम पहाडी क्षेत्रमा दशै, तिहार तथा छठ पर्वको समयमा हुन सक्ने यात्रुहरुको चापलाई ध्यानमा राखी वायुसेवाहरुले प्राधिकरणमा आफ्नो थप उडान तालिका पेश गर्ने ।

२. Trunk Sector मा सबै वायुसेवाहरुले दशै, तिहारमा यात्रुहरुको मागको आधारमा थप उडान संचालन गर्ने ।

३. मध्य पश्चिमको दुर्गम क्षेत्रमा तारा एयर प्रा.लि., नेपाल वायुसेवा निगम, सीता एयर प्रा.लि. र समिट एयर प्रा.लि.ले १।१ वटा जहाज नेपालगंन्जमा रात्री विसान गरी उडान गर्ने ।

४. दुर्गम विमानस्थलहरुमा सेड्यूल उडान नगर्ने वायुसेवा कम्पनीहरुलाई अन्य समयमा पनि ती विमानस्थलमा Charter उडान मा रोक लगाउने ।

५. माथिका निर्णय लागू भए/नभएको सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणवाट अनुगमन गर्ने र सो को पालना नगर्ने वायुसेवा कम्पनीलाई कडा कारवाही गर्ने ।

पुनश्च : माथी उल्लेखित भए अनुसार भए/गरेको नपाईएमा वा कही कसैले नेपाल सरकारले तोकोको हवाई भडा भन्दा बढि भडा असुल गरेको पाईएमा वा यस सम्बन्धि कुनै समस्या भएमा नेपाल नागरिक उड्डयन प्राधिकरण, हवाई यातायात महाशाखाका प्रमुख श्री सुभाष झालाई मो.नं. ९८४१२४२८०९ वा इमेल *flightpermission@caanepal.org.np* मा सर्म्पक गर्नु हुन समेत जानकारीको लागि अनुरोध गरिन्छ ।